# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर २९ गते, २०६३ साल (अतिरिक्तांक ५१ (क


## भाग ३

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालयको

## सूचना

### अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना

### कार्यान्वयन तथा अनुगमन समिति

पशुपति क्षेत्रको वातावरणलाई सुधार गर्ने क्रममा शिवपुरीदेखि चोभारसम्म ढल निर्माण सुधार आयोजना कार्यान्वयन गरी अनुगमन गर्ने काम समेतको लागि नेपाल सरकारले देहाय बमोजिमको समिति गठन गरेको छ ।

१. समितिको नाम र कार्य प्रारम्भ: (१) यस समितिको नाम "अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वियन तथा अनुगमन समिति" (यसपछि "समिति" भनिएको) रहनेछ ।

(२) समितिले आफ्नो कार्य तुरुन्त प्रारम्भ गर्नेछ ।

२. समितिको उद्देश्य: शिवपुरीदेखि चोभारसम्म वाग्मती नदीलाई स्वच्छ र सफा राख्न वाग्मती नदीमा कुनै प्रकारको दूषित (ठोस वा तरल) पदार्थ मिसिन नदिने, ढल तथा ढल प्रशोधन केन्द्रको निर्माण, सञ्चालन तथा संभार गर्ने, तटबन्ध निर्माण गर्ने, नदी किनारामा आवश्यकता अनुसार सडक निर्माण र वृक्षारोपण गर्ने समितिको मूल उद्देश्य हुनेछ ।

३. समितिको गठन: (१) समितिको गठन देहाय बमोजिम हुनेछ:-

| | |
|---|---|
| (क) नेपाल सरकारले तोकेको व्यक्ति | –अध्यक्ष |
| (ख) प्रतिनिधि (सहसचिव), अर्थ मन्त्रालय | –सदस्य |
| (ग) प्रतिनिधि (सहसचिव), भौतिक योजना तथा निर्माण मन्त्रालय | –सदस्य |

(घ) प्रतिनिधि (सहसचिव), वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय –सदस्य

(ङ) प्रतिनिधि (सहसचिव), भूमिसुधार तथा व्यवस्था मन्त्रालय –सदस्य

(च) प्रतिनिधि (सहसचिव), स्थानीय विकास मन्त्रालय –सदस्य

(छ) प्रतिनिधि, पशुपति क्षेत्र विकास कोष –सदस्य

(ज) महानिर्देशक, खानेपानी तथा ढल निकास विभाग –सदस्य

(झ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं –सदस्य

(ञ) महानिर्देशक, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग –सदस्य

(ट) लब्ध प्रतिष्ठित समाजसेवी, बुद्धिजीवी, महिला, जनजाति र दलित समेत रहने गरी नेपाल सरकारद्वारा मनोनीत उन्नाईस जना –सदस्य

(ठ) भौतिक योजना तथा निर्माण मन्त्रालयले तोकेको व्यक्ति सदस्य–सचिव

(२) समितिको अध्यक्ष र मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको उद्देश्य पूर्तिकालागि आवश्यक विषयमा अध्ययन गरी योजना तर्जुमा गर्ने,

(ख) समितिको उद्देश्य अनुरूपका कार्यहरुको कार्यान्वयन, निरीक्षण, अनुगमन, मूल्यांकन र समन्वय गर्ने तथा सो सम्बन्धमा सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(ग) समितिबाट सञ्चालन हुने योजना कार्यान्वयन गर्नको लागि सम्बद्ध मन्त्रालय तथा निकायसंग प्राविधिक सहयोग लिने,

(घ) ढल निर्माण तथा अन्य कामको लागि आवश्यक जग्गा प्राप्त गर्ने,

(ङ) ठेक्कापट्टा स्वीकृत गर्ने,

(च) वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना (यस पछि "आयोजना" भनिएको) को लागि विनियोजित रकम खर्च गर्न स्वीकृति दिने,

(छ) आफ्नो कार्यक्षेत्र भित्रका नदीको बहावक्षेत्रको आधारमा दीर्घकालीन रूपमा नदी किनारा कायम गरी नापी नक्सामा जनाउन तथा ग्रेस्ता कायम गर्न सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा लेखी पठाउने,

(ज) नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि नदीको किनारामा हरितक्षेत्र निर्माण गर्ने,

(झ) नदी किनारामा गरिने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ञ) नदी किनारामा अनधिकृत रूपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने,

(ट) नदीको वहावक्षेत्रलाई प्रतिकूल असर पार्ने, नदी किनारामा भू–क्षय गर्ने वा नदी संरक्षणका लागि निर्माण भएका संरचना, पुलपुलेसा वा सडकलाई प्रतिकुल असर पर्ने गरी नदीवाट वालुवा झिक्न नदिने,

(ठ) कसैले प्रचलित कानून विपरीत नदी वा नदी किनाराको कुनै जग्गा दर्ता गरे गराएमा सो दर्ता बदरको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ड) कसैले आयोजना क्षेत्रभित्र वाग्मती नदीलाई प्रदूषित बनाउने कुनै किसिमको काम गरे गराएमा कानून बमोजिम सजाय गर्न तथा सो कार्य निषेध गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) समितिबाट गरिने कामको लागि आवश्यकता अनुसार विशेषज्ञ तथा परामर्श सेवा लिने,

तर विदेशी विशेषज्ञ वा परामर्शदाताको सेवा लिनु परेमा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(ण) आयोजना क्षेत्रभित्र अन्य निकायले ढल विछ्याउने वा ढल प्रशोधन केन्द्र निर्माण गर्ने जस्ता कार्य गर्दा समितिसंग समन्वय गर्नु पर्ने व्यवस्था गर्ने ।

(२) समितिले उपदफा (१) बमोजिम आर्थिक कारोबार तथा ठेक्कापट्टा सम्बन्धी विषयमा प्रचलित आर्थिक ऐन तथा नियम अनुसार गर्नु पर्नेछ ।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर पहिलो पटक बैठकको गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु पर्दा पच्चीस प्रतिशत सदस्य उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको कार्य क्षेत्र: दफा २ मा लेखिएको उद्देश्य पूरा गर्नको लागि समितिको कार्य क्षेत्र शिवपुरीदेखि चोभारसम्म हुनेछ ।

७. कार्य सम्पन्न गर्ने: समितिले आफ्नो कार्य देहायका चरणमा सम्पन्न गर्नेछ:–

(क) प्रथम चरणमा गर्ने कार्य: हालसम्म सम्पन्न भएका ढल प्रणाली प्रशोधन केन्द्र, टनेल लगायतका संरचनाहरुको आवश्यक मर्मत सम्भार तथा सुधार गर्ने ।

(ख) दोश्रो चरणमा गर्ने कार्य: (१) सुन्दरीजल गोकर्ण क्षेत्रमा आवश्यक जग्गा प्राप्ति गर्ने तथा सो क्षेत्रमा ढल प्रशोधन केन्द्र, तटबन्ध, सामुदायिक सेफ्टी टैंक, सडक, हरित क्षेत्र निर्माण तथा नदी व्यवस्थापन गर्ने,

(२) उपखण्ड (१) बमोजिमको क्षेत्रमा पर्ने नदी नाला खोला खोल्साको संरक्षणको व्यवस्था गर्ने ।

(ग) तेस्रो चरणमा गर्ने कार्य: (१) तीलगंगादेखि शंखमूल हुँदै चोभारसम्मको क्षेत्रमा आवश्यक जग्गा प्राप्ति गर्ने तथा ढल प्रशोधन केन्द्र, तटवन्ध, सडक, हरित क्षेत्र निर्माण तथा नदी व्यवस्थापन गर्ने,

(२) उपखण्ड (१) बमोजिमको क्षेत्रमा पर्ने वाग्मतीका सहायक नदी नाला लगायतका खोला खोल्साको संरक्षणको व्यवस्था गर्ने ।

८. हरितक्षेत्र घोषणा गर्ने : (१) नदी किनारमा रहेको सार्वजनिक जग्गा गैरकानूनी रूपमा कुनै व्यक्तिको नाममा दर्ता भएको देखिएमा समितिले त्यस्तो दर्ता बदर गराई सार्वजनिक जग्गा कायम गरी नापी नक्सा तथा स्रेस्ता तयार गर्ने गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक जग्गा कायम गरिएको स्थानलाई समितिले हरितक्षेत्र घोषणा गरी संरक्षण गर्नेछ ।

९. समन्वय गर्ने तथा सहयोग लिन सक्ने: (१) समितिले नेपाल सरकारसंग प्राविधिक सहयोग र सल्लाहको लागि ढल प्रशोधन केन्द्र, बाटो निर्माण र यन्त्र सम्बन्धी विषयमा भौतिक योजना तथा निर्माण मन्त्रालय, तटवन्ध सम्बन्धी विषयमा जलश्रोत मन्त्रालय, हरितक्षेत्र बनाउने तथा वृक्षारोप विषयमा वन तथा भू-संरक्षण मन्त्रालय र जग्गा जमिन सम्बन्धी विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयसंग समन्वय गर्न तथा त्यस्तो निकायबाट आवश्यक सहयोग र सल्लाह लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले कुनै मन्त्रालयसंग सहयोग र सल्लाह माग गरेमा समितिलाई आवश्यक सहयोग र सल्लाह दिनु सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ ।

१०. कार्यक्रम स्वीकृत गराउनु पर्ने: (१) समितिले आफ्नो कार्य क्षेत्रभित्र गर्ने काम कारबाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्ने भए त्यस्तो निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्नेछ ।

(२) समितिले पशुपति क्षेत्र विकास कोषको क्षेत्राधिकारभित्र काम गर्दा पशुपति क्षेत्र विकास कोष संचालक परिषदसंग समन्वय राख्नु पर्नेछ ।

११. उपसमिति गठन गर्न सक्ने: समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

१२. अध्यक्षलाई प्रचलित कानून बमोजिमको अधिकार हुने : नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो समितिको अध्यक्षलाई समितिको कार्य सम्पादन गर्न देहायका कानून अर्न्तगतका देहायका अधिकारहरु प्रदान गरेको छ :–

(क) जग्गा (नापजांच) ऐन, २०१९ को दफा ११ख. बमोजिमको अधिकार र सोही ऐनको दफा ३ को प्रयोजनको लागि जग्गा (नापजांच) नियमावली, २०५८ को नियम ३,४,५,६ तथा नियम १७, १८ बमोजिमका अधिकार,

(ख) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२), दफा २९ र ३० वाहेक अन्य दफा अर्न्तगत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार,

(ग) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार,

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (६क) को अधिकार,

(ङ) जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ अर्न्तगतको अधिकार,

(च) जग्गा प्राप्त गर्न प्रारम्भिक कारबाही चलाउने तथा प्रचलित कानूनले तोकेको अन्य प्रकिया चलाउने अधिकारीको काम आफैले वा समितिको कुनै सदस्य वा कर्मचारीबाट चलाउने अधिकार,

(छ) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रारम्भिक कारबाहीदेखि अन्तिम कारबाही सम्मको अधिकार ।

१३. <u>सदस्य-सचिवको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको सदस्य-सचिवले आयोजनाको आयोजना प्रमुख भै काम गर्नेछ ।

(२) सदस्य-सचिवको अन्य काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

१४. <u>कर्मचारी सम्बन्धी व्यवस्था:</u> (१) समितिमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) समितिको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत काजमा झिकाई व्यवस्था गरिनेछ ।

(३) उपदफा (२) बमोजिम काजमा कर्मचारी उपलब्ध गराउन नसकिएमा समितिले भौतिक योजना तथा निर्माण मन्त्रालयको स्वीकृति लिई आवश्यक कर्मचारी सेवा करारमा लिन सक्नेछ ।

(४) समितिमा कार्यरत कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तहरु सेवासंग सम्बन्धित कानून बमोजिम हुनेछन् ।

तर करार सेवामा लिईएका कर्मचारीको सेवा शर्त त्यसरी कर्मचारी करारमा लिंदाको बखतमा तोकिनेछ ।

१५. <u>समितिको कोष:</u> (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा संघसंस्थाबाट चन्दा वा अनुदान स्वरूप प्राप्त रकम,

तर विदेशी व्यक्ति वा संघ संस्थाबाट अनुदान वा चन्दा लिनुपर्दा नेपाल सरकारलाई जानकारी दिनुपर्नेछ ।

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम समितिको उद्देश्य पूर्तिको लागि समितिको निर्णय अनुसार खर्च गरिनेछ ।

१६. <u>लेखा तथा लेखापरीक्षण:</u> (१) समितिको लेखा नेपाल सरकारले अपनाएको प्रक्रिया बमोजिम हुनेछ ।

(२) समितिको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१७. <u>बैठक भत्ता:</u> (१) समितिको बैठकमा भाग लिए बापत समितिको अध्यक्ष तथा सदस्यले नेपाल सरकारले तोकेबमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता आमन्त्रित सदस्य र दफा ११ बमोजिम गठित उपसमितिका सदस्यले समेत पाउनेछन् ।

१८. <u>समितिको कार्यावधि:</u> समितिको कार्यावधि २०६५ साल आषाढ मसान्तसम्म हुनेछ र नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको कार्यावधि थप गर्न सक्नेछ ।

१९. <u>नेपाल सरकारसंग सम्पर्क:</u> समितिले आफ्नो काम कारबाहीको सिलसिलामा नेपाल सरकारसंग सम्पर्क राख्नु पर्दा भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२०. खारेजी र बचाउ : (१) तत्कालिन श्री ५ को सरकारबाट खण्ड ४५, संख्या ३९, मिति २०५२।१०।१ र खण्ड ४६, संख्या १३, मिति २०५३।३।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाहरु र तत्कालिन श्री ५ को सरकार (मन्त्रिपरिषद्) द्वारा मिति २०६०।१।२९ मा गठन भएको अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति आदेश, २०६० खारेज गरिएका छन् ।

(२) अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति आदेश, २०६० बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।४।१ को निर्णय अनुसार नियुक्त सो समितिको अध्यक्ष यसै समितिको अध्यक्ष मानी तोकिएको पदावधिसम्म ब रहनेछ ।

(३) अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुग समिति आदेश, २०६० बमोजिमको समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक दायित्व... समितिमा सरेको मानिनेछ ।

(४) अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति आदेश, २०६० बमोजिमको समितिमा कार्यरत आयोजना प्रमुख तथा कर्मचारीहरु यसै समितिका आयोजना प्रमुख तथा कर्मचारी मानिनेछन् ।

(५) अधिकार सम्पन्न वाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति आदेश, २०६० बमोजिम भए गरेका कामहरु यसै समितिबाट भए गरेका मानिनेछन् ।

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६।०६२।६३